# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८३/०३/१५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु नारायणी अस्पताल, वीरगंज, पर्साका तत्कालिन प्रमुख मेडिकल सुपरिटेन्डेन्ट संजय कुमार ठाकुर समेत १० जना मु.नं (०८१-CR-००८७) फैसला मिति २०८२/०९/१४ | ठेक्का प्रक्रियामा अनियमितता गरेको। | **आयोगको माग दावी**<br>• **प्रतिवादी संजय कुमार ठाकुरलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १७ ले निर्देशन गरेबमोजिम बिगो रू.१,८४,३८,४५८।७० कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा उक्त ऐनको (संशोधन सहित)को दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम बिगो बमोजिम कैद र जरिबाना गरी निज प्रतिवादीबाट हिनामिना, हानीनोक्सानी एवं दुरुपयोग गरेको उल्लिखित बिगो समेत सोही ऐनको दफा १७ बमोजिम असुल उपर हुन र दफा २४ बमोजिम थप सजाय हुन समेत मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **प्रतिवादीहरु राजेन्द्र साह र सकुर अन्सारीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा ऐ.ऐनको दफा १७ ले निर्देशन गरे बमोजिम बिगो रू.१,८४,३८,४५८।७ कायम गरी सोही ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा उक्त संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम बिगो बमोजिम कैद र जरिबाना गरी प्रतिवादीद्वय समेतबाट उल्लिखित बिगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर गरी पाऊँ भन्ने बेहोराको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **प्रतिवादीहरु शुशिलप्रसाद यादव र सुदिप कुमार माझीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुरमा जनही ऐ.ऐनको दफा १७ ले निर्देशन गरेबमोजिम बिगो रू.१,८४,३८,४५८/७ कायम गरी सोही ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा उक्त संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम बिगो बमोजिम कैद र जरिबाना गरी प्रतिवादीहरू समेतबाट उल्लिखित बिगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर गरी पाऊँ भन्ने बेहोराको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ। ।<br>• **प्रतिवादीहरु डा.वीरेन्द्रबहादुर प्रधान र माधवी चौधरीलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको | **फैसलाः**<br>प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• उक्त बोलपत्र अनलाइनमार्फत् सार्वजनिक रूपमा आह्वान भएको देखिएको, बोलपत्रको सूचना बमोजिम प्रस्ताव पेश गर्ने कम्पनीहरूको प्राविधिक प्रस्ताव मूल्याङ्कन नहुँदैको अवस्थामा ति कम्पनीहरूको आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने र दर रेटको जाँच गर्ने, मूल्याङ्कन गर्न सक्ने अवस्था समेत नहुने हुँदा तत्काल प्राविधिक प्रस्तावमा अनुत्तीर्ण कम्पनीको आर्थिक प्रस्तावको बारेमा मूल्याङ्कनकर्ता प्रतिवादीहरूले जानकारी प्राप्त गर्न सम्भव नदेखिएको।<br>• बोलपत्रमा भाग लिई प्राविधिक प्रस्तावमा अनुत्तीर्ण भएका निर्माण व्यवसायीले तत्काल कानूनी उपचार नलिएको।<br>• प्राविधिक रूपमा असफल भएको निर्माण व्यवसायीले प्रस्ताव गरेको आर्थिक प्रस्तावको रू.१,८४,३८,४५८।७० भन्दा बढी प्रस्ताव गर्ने निर्माण व्यवसायीसँग भवन निर्माण सम्झौता गरेको भन्ने गोश्वारा अभियोगदाबीको आधारमा मात्र यी प्रतिवादीहरूको बदनियत ठोस रूपमा स्थापित भएको भन्न मिल्ने नदेखिएको।<br>• प्रतिवादीहरुले अनुसन्धान तथा अदालतमा कसूरमा इन्कार भई बयान गरेको देखिएको र उक्त योजनाको निर्माण कार्य सम्पन्न भई भवन पूर्ण संचालनमा रहेको देखिएको। | • नारायणी अस्पताल, विरगंज पर्साले आह्वान गरेको बोलपत्र नं NH/NCB/Works/11-2077/78 Construction of Emergency Building of Narayani Hospital, Birganj को ठेक्का योजनामा अनियमितता भएको भन्ने समेत ब्यहोराको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा मिशिल संलग्न संकलित उजुरी निवेदन, बिभिन्न मितिका पत्रहरु,बोलपत्रका कागजात, लागत अनुमान, सार्वजनिक खरिद अनुगमन कार्यालयबाट प्राप्त कागजातहरु र उक्त कार्यालयको राय, बोलपत्र आह्वानको सूचना, बोलपत्र मूल्याँकन, मूल्यांकन समितिको निर्णय, भवन निर्माण सम्झौता तथा कार्यादेश, कार्य सम्पन्न गर्ने अवधी, नारायणी अस्पताल,वीरगंज, पर्सामा कार्यरत तत्कालीन प्र.मे.सु संजय कुमार ठाकुर, तत्कालीन प्र.मे.सु विरेन्द्र बहादुर मल्ल, तत्कालीन लेखा अधिकृत राजेन्द्र कुमार कर्ण, तत्कालीन नायब सुब्बा शुशिल प्रसाद यादव, तत्कालीन लेखापाल सुदिप कुमार माझी, शहरी विकास तथा भवन कार्यालय, पर्साका तत्कालीन ईन्जिनियरद्वय राजेन्द्र साह र म.सकुर अन्सारी, , मुल्याँकन समितिका तत्कालीन संयोजक डा. विरेन्द्र बहादुर प्रधान र सदस्य सचिव माधवी चौधरी, र मिसन कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.को प्रवन्ध निर्देशक तथा लुम्बिनी मिसन जेभीका आधिकारिक प्रतिनिधि जगत बुढा, लुम्बिनी बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक बिष्णु प्रसाद शर्मा समेतले गरेको वयान कागज समेत प्रमाण कागजातहरु हेर्दा नारायणी अस्पताल विरगंजले आ.व २०७७/०७८ मा Construction of Emergency Building of Narayani Hospital, Birganj आयोजना सँचालनको लागि रु. ९,०४,९४,३२१.७६(भ्याट+कन्टिन्जेन्सी) बराबरको लागत अनुमान स्वीकृत गरि निर्माण प्रकृया अगाडी बढाई मिति २०७७/१२/०८ मा E-Bid मार्फत बोलपत्र आह्वानको सूचनाको Construction Experience in Key Activities मा Interlock Block Multi-blended color M35 grade को अनुभवको शर्त तोकेको देखिन्छ। उक्त आयोजना संचालन गर्न तयार गरिएको Issued Bid Document मा स्वीकृत लागत अनुमानमा उल्लिखित आइटमहरु मध्ये फलामे डण्डी, सेरामिक फ्लोर टायल र मार्वलको परिमाण घटी राखी इन्टरलक कंक्रिट ब्लकलाई (Providing and laying of Interlock with Cobble Concrete block (Multi blended color) Having size of interlock pavers (200mm*200mm*600mm) coble size (100mm*100mm*60mm) paving over 50mm the.Crusher stone dust with compressive strength M35 or above) मुख्य आइटमको रुपमा थप गरेको देखिन्छ। सार्वजनिक निकाय शहरी विकास तथा भवन कार्यालय र नारायणी अस्पतालमा कार्यरत राष्ट्रसेवक यि प्रतिवादीहरूले इन्टरलक कंक्रिट ब्लकलाई स्वीकृत लागत अनुमान उल्लिखित आइटमहरु मध्ये विशेष रुपमा थप गरी भेरिएशन अर्डर गराई कुनै निर्णय नगरी, Issued BID Document को Evaluation and Eligibility Criteria को Construction Experience in Key Activities मा Interlock Block Multi-blended color M35 grade उल्लेख गरेको, सार्वजनिक खरिद अनुगमन कार्यालयको नमूना बोलपत्र कागजातको Section III को २ः Eligibility, २.४.२ को Specific Construction Experience (b) Construction Experience in Key Activities मा वोलपत्रदाता सो बोलपत्रमा भाग लिन योग्य हुने/नहुने सम्बन्धमा सार्वजनिक निकायबाट योग्यताको आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु तय भएको, प्रतिष्पर्धा सीमित नहुने सुनिश्चितता गरिएको, बजारमा प्रतिस्पर्धी उपस्थितिको लेखाजोखा भएको सुनिश्चित गर्नुपर्नेमा (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ (२)(ग) र नियम १५० (१) र (२)) सो कार्यालय तथा अस्पतालबाट सो सम्बन्धी कुनै पनि कार्य प्रकृया पूरा नगरी नारायणी अस्पताल बिरगंजले Construction of Emergency Building of Narayani Hospital, Birganj निर्माण कार्यको लागि योग्यता निर्धारण गरी बोलपत्र कागजातमा सीमित बोलपत्रदाताले मात्र सो बोलपत्रमा भाग लिन योग्य हुने गरी "Interlock Block Multi-blended color M35 grade " भन्ने योग्यताको आधार थप गर्नु सार्वजनिक खरिद ऐन, नियमावलीको प्रतिस्पर्धा सीमित गर्न नहुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | कसुरमा प्रतिवादीहरूलाई जनही ऐ. ऐनको दफा १७ ले निर्देशन गरेबमोजिम बिगो रू.१,८४,३८,४५८।७ कायम गरी सोही ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ)तथा उक्त संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम बिगो बमोजिम कैद र जरिबाना गरी प्रतिवादीहरूसमेतबाट उल्लिखित बिगो सोही ऐनको दफा १७ बमोजिम असुल गरी पाऊँ भन्ने मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ।<br>• **प्रतिवादीहरु मिसन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.का प्रबन्ध निर्देशक तथा Lumbini-Mission JV का आधिकारीक प्रतिनिधि जगत बुढा, लुम्बिनी बिल्डर्स प्रा.लि.का तत्कालीन प्रबन्ध निर्देशक बिष्णु प्रसाद शर्मा र लुम्बिनी-मिसन जे.भी. समेतलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरको ऐ.ऐ.ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम प्रतिबादीहरूले आफुहरूले नगदी तथा अन्य सुविधा लाभ उपलब्ध गराई दिने वा आफुले लिने मतियारको कार्य गरेको हुँदा निज प्रतिवादीहरूलाई जनही बिगो रू.१,८४,३८,४५८।७ कायम गरी सोही ऐनको दफा २२ को प्रतिबाधात्मक वाक्यांश अनुसारको दफा १७ ले निर्देशन गरे बमोजिम ऐ.ऐ.ऐनको पहिलो संशोधन पूर्वको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा उक्त संशोधन पश्चातको दफा ३ को उपदफा (१) को देहाय (छ) बमोजिम बिगो बमोजिम मूल कसुरदारलाई हुने सजाय बराबर कैद र जरिबाना गरी प्रतिवादीहरूबाट उल्लिखित बिगो सोही ऐनको दफा १७ बमोजिम असुल उपर गरी पाऊँ भन्ने बेहोराको मागदाबी लिई आरोप पत्र दायर भएको देखिन्छ। | | प्रावधान बिपरीतको कार्य भएको देखिन्छ। बोलपत्रदाताको योग्यता निर्धारण गर्दा समेत बोलपत्रदाताको सो सम्बन्धी कार्यानुभव, तथा दक्ष जनशक्ति सम्बन्धमा योग्यता निर्धारण गर्नुपर्नेमा Interlock Block Multi-blended color M35 grade हुनुपर्ने भनी Issued Bid Document लाई बिशेष योग्यताको आधार मान्दा प्रतिस्पर्धा सीमित हुन गएको देखिन्छ। जसको कारणबाट ३ वटा बिडरहरु मात्र प्रतिस्पर्धामा भाग लिन आएको र सोमा पनि काठमाण्डौं उपत्यका सडक विस्तार आयोजनामा Gray Color को इन्टरलक ब्लकको काम गरेको देखिएको अनुभव भएको भन्ने बिडर शिवाको/विकास एण्ड ब्रदर्स/वि.जी जे.भी. जनकपुरलाई रु.६,७४,६९,९७५।२१ (अक्षरेपि छ करोड चौहत्तर लाख उननसत्तरी हजार नौ सय पचहत्तर रुपैयाँ एक्काइस पैसा मात्र) लाई 'Grade is not mentioned and also it is not Multi-blended Color block' भनी वेहोरा उल्लेख गरी मूल्याँकनबाट हटाई रु.८,५९,०८,४३३।९२ (अक्षरेपी आठ करोड उननासाठी लाख आठ हजार चार सय तेंतीस रुपैयाँ बयानब्बे पैसा मात्र) बोलकबोल गर्ने लुम्बिनी मिसन जेभी नयाँ बानेश्वर, काठमाण्डौंले पेश गरेको कबोल अंकलाई स्वीकार गरेको देखिन्छ। बोलपत्रदाताको योग्यता निर्धारण गर्न नपर्ने अवस्थामा पनि प्रतिस्पर्धालाई सीमित गर्ने मनसाय र कुनै निश्चित बोलपत्रदातालाई मात्र हुने गरी बोलपत्र कागजात तयार गर्दा सीमित बोलपत्रदाताको मात्र प्रस्ताव परेको र त्यसमध्ये पनि Issued Bid Document लाई बिशेष योग्यताको अनिवार्य आधार मानी मूल्याँकन गर्दा शिवाको/विकास एण्ड ब्रदर्स/वि.जी जे.भी. जनकपुर र लुम्बिनी मिसन जेभी नयाँ बानेश्वर, काठमाण्डौंको कबोल अंकको फरक रु.१,८४,३८,४५८।७१ (अक्षरेपि एक करोड चौरासी लाख अठतीस हजार चारसय अनठाउन्न रूपैया एकहत्तर पैसा) नेपाल सरकार एवं नेपाल सरकारको सार्बजनिक संस्था नारायणी अस्पताललाई आर्थिक हानीनोक्सानी भई भ्रष्टाचार निवारण ऐन, २०५९ दफा १७ बमोजिमको कसुर भएको तथ्य पुष्टी भई रहेको देखिंदा देखिंदै सो तथ्य, प्रमाण एवं कानूनी व्यवस्था समेतलाई अन्यथा ब्याख्या गरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको फैसला त्रुटिपुर्ण देखिंदा बदर योग्य छ।<br>• प्रतिवादीहरुले कसूरमा ईन्कार भई बयान गरेतापनि प्रतिवादी राजेन्द्र साहले Bidding Document लगायतका डकुमेन्ट तयार गरेको स्वीकार गरेको र प्रतिवादी म.सकुर अन्सारीले आरोपित कसूर स्वीकार गरी बयान गरेको देखिन्छ। नारायणी अस्पताल, बीरगंजले आह्वान गरेको बोलपत्र नं NH/NCB/Works/११-२०७७/७८ Construction of Emergency Building of Narayani Hospital, Birganj को ठेक्का योजनामा यि प्रतिवादीहरुले निर्माण पूर्वको तयारी चरणमाः Interlock Block Multi-blended color M35 grade हुनुपर्ने हो भन्ने आधार र कारण खुलाई कार्यालयबाट कुनै पनि निर्णय गरेको नदेखिएको, के कस्तो शर्त राख्दा प्रतिस्पर्धा सिमित हुन सक्छ भन्ने कुराको पुर्वानुमान गरेको नदेखिएको, योग्यताका आधार निर्धारण गर्दा गुणस्तर कायम गर्न आवश्यक आधारहरु एवं प्रतिस्पर्धा सीमित नहुने सुनिश्चितता गरेको नदेखिएको देखिन्छ। यसै गरि बोलपत्र सम्बन्धी कागजात तयारी चरणमाःआयोजना संचालनको लागि रु. ९,०४,९४,३२१।७६ (भ्याट+कन्टिन्जेन्सी) बराबरको लागत अनुमान स्वीकृत गरी निर्माण प्रकृया अगाडी बढाएको देखिंदा यस प्रकारको निर्माणका लागि Interlock Block Multi-blended color M35 grade भन्ने योग्यता राखि शुरु देखिनै सार्वजनिक निकायका राष्ट्रसेवकसँग पहिले देखि सम्वन्ध सम्पर्क भएको र Interlocking Tile लाई भवन निर्माणको मुख्य आइटमको रुपमा समावेश गरेर लक्षित पक्षलाई ठेक्का दिने वदनियतपूर्ण पूर्वनियोजित योजना अनुसार बोलपत्रदाताको शर्त तोकेको देखिएको, सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम योग्य बोलपत्रदातालाई खरिद प्रक्रियामा सहभागी हुन विना भेदभाव समान अवसर प्रदान गर्नुपर्छ भन्ने कानूनी व्यवस्था विपरीत जानी बुझी उक्त व्यवस्थाको बर्खिलापमा बिडरको योग्यता निर्धारण गरेको देखिएको, योग्यता निर्धारण गर्दा Issued Bid Document को Compliance requirement अन्तर्गत (Experience of M35 interlock with Cobble Concrete Block in Multicolor Blended having 60mm thick) लाई योग्यताको प्रमुख आधार बनाई प्रतिस्पर्धालाई सीमित बनाएको देखिएको, बोलपत्रमा बोलपत्रदाता लुम्बिनी मिसन जेभी नयाँ बानेश्वर, काठमाण्डौंलाई मिल्ने गरी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | योग्यताको निर्धारण तथा शर्त राखेको प्रष्टै देखिन्छ। बोलपत्र मूल्याङ्कन चरणमाः प्रतिस्पर्धा सिमित हुन्छ भन्ने कुरा जानी जानी बिड डकुमेन्टको SECTION III को २.४.२ Specific Construction Experience (b) Construction Experience in Key Activities मा Experience of M35 interlock with Cobble Concrete Block in Multicolor Blended having 60mm thick भन्ने योग्यतालाई अनिवार्य शर्तको रुपमा राखिएको, सोही आधारमा लुम्बिनी मिसन जेभी नयाँ बानेश्वर, काठमाण्डौंलाई सारभूत रुपमा प्रभावग्राही भनी मूल्याँकन गरेको देखिएको, प्रतिस्पर्धिहरु सबैले आफ्ना चासो राख्ने र विरोध गर्ने कुरा थाहा जानकारी पाई जानी बुझी वदनियतपूर्वक प्रि-बिड बैठक राखेको नदेखिएको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४ बमोजिम लागत अनुमान स्वीकृत गर्ने अधिकार कार्यालय प्रमुखलाई भएकोमा १५० को उपनियम (२) बमोजिम उक्त अधिकार प्रत्यायोजन गर्नसक्ने व्यवस्था भएपनि उपनियम (१) बमोजिम लागत अनुमान संशोधन गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन भन्ने कानून बिपरीत मिति २०७७।१२।०६ मा कार्यालय प्रमुखबाट लागत अनुमान स्वीकृत नभएको तर बोलपत्र मूल्याङ्कनका आधारको लागि पुनः लागत अनुमानमा भएको परिवर्तन/संशोधनलाई संबोधन गर्न संशोधित लागत अनुमान सार्वजनिक निकायका प्रमुखबाट नियमानुसार स्वीकृत नगरेको देखिन्छ। बोलपत्र मूल्याङ्कन पश्चातको चरणमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ को उपनियम १(ग) मा उल्लेखित प्रमुख गतिविधिको रुपमा राखिएको आइटमलाई नै नेगेटिभ भेरिएसन गरी कायम गरिएको देखिंदा उक्त आइटमकै मूल्याङ्कनको कारणले अनुतिर्ण भएका बोलपत्रदाताहरु आर्थिक प्रस्तावको प्रतिस्पर्धाबाट बंचित भएको, बोलपत्र मूल्याँकनमा प्रभावग्राही नदेखिएको विषयमा सबैभन्दा कममा प्रस्ताव गर्ने बोलपत्रदातालाई कुनै स्पष्टिकरण (Clarification) माग गरेको नदेखिएको, बोलपत्रमा तीन वटा मध्ये प्रस्तावक लुम्बिनी मिसन जेभी नयाँ बानेश्वर, काठमाण्डौंले रु.८,५९,०८,४३३।९२ (अक्षरेपि आठ करोड उननासाठी लाख आठ हजार चार सय तेंतीस रुपैयाँ बयानब्बे पैसा मात्र) प्रस्ताव गरेको शिवाको/विकास एण्ड ब्रदर्स/वि.जी जे.भी. जनकपुरले रु.६,७४,६९,९७५।२१ (अक्षरेपि छ करोड चौहत्तर लाख उननसत्तरी हजार नौ सय पचहत्तर रुपैयाँ एक्काइस पैसा मात्र) प्रस्ताव गरेको देखिंदा देखिंदै लुम्बिनी मिसन जेभी नयाँ बानेश्वर, काठमाण्डौंले भन्दा शिवाको/विकास एण्ड ब्रदर्स/वि.जी जे.भी. जनकपुरले रु. १,८४,३८,४५८।७१ (अक्षरेपि एक करोड चौरासी लाख अठतीस हजार चारसय अनठाउन्न रूपैया एकहत्तर पैसा) कममा प्रस्ताव गरेको र लुम्बिनी मिसन जेभी नयाँ बानेश्वर, काठमाण्डौंसँग Experience of M35 interlock with Cobble Concrete Block in Multicolor Blended भन्ने मात्र आधारमा शिवाको/विकास एण्ड ब्रदर्स/वि.जी जे.भी. जनकपुरसंग काठमाण्डौं उपत्यका सडक विस्तार आयोजनामा Gray Color को इन्टरलक ब्लकको काम गरेको देखिएको अनुभव भएको भनी उल्लेख गर्दा गर्दै बढी कबोल गर्ने बोलपत्रदातालाई सारभूत रुपमा प्रभावग्राही भनी मूल्याङ्कन गरेको देखिन्छ। प्रतिवादीहरुको पूर्वनियोजित योजना तथा बदनियतबाट बोलपत्रमा Interlock Block Multi-blended color M35 grade आइटम राख्ने भन्ने व्यवस्था समावेश गरेको र सोही अनुसार प्रतिस्पर्धा सिमित गरि मुल्यांकन गर्दा नेपाल सरकारको रु.१,८४,३८,४५८।७१ (अक्षरेपी एक करोड चौरासी लाख अठतीस हजार चारसय अनठाउन्न रूपैया एकहत्तर पैसा) हिनामिना हानिनोक्सानी भएको तथ्य स्थापित भई रहेको देखिंदा देखिंदै सो तथ्य प्रमाणको सुक्ष्म विश्लेषण नगरि, प्रतिवादीहरुको कार्यतत्वबाट नै बदनियततत्व पहिचान हुने **सर्वोच्च अदालत बुलेटिन, बर्ष १८ अंक १५ मंसिर २०६६, पुर्णाङ्क ४१७ पृष्ठ १९ सार्जन पाण्डे विरुद्ध नेपाल सरकार** भएको मुद्दामा प्रतिपादित सिद्धान्त समेतको विपरित गई प्रतिवादीको बदनियतपुर्ण कार्यतत्व र सोबाट प्रमाणित भई रहेको मनसाय तत्वको विवेचना नगरि प्रतिवादीहरुलाई आरोप दावीबाट सफाइ हुने ठहर गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदरयोग्य छ।<br>• प्रस्तुत मुद्दामा प्राप्त बोलपत्रहरु, बोलपत्र मूल्यांकन प्रतिवेदन र खरिद सम्झौता सम्बन्धी विवरण समेत हेर्दा विभिन्न तीनवटा बोलपत्रदाताहरुले इबिडिङ्ग मार्फत बोलपत्र प्रस्ताव पेश गरेकोमा प्राविधिक प्रस्ताव मिति |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | २०७८/०१/०७ मा खोलिएको देखिन्छ। बोलपत्र प्रस्ताव पेश गर्ने बोलपत्रदाताहरु क्रमशः शिवाको/विकास एण्ड ब्रदर्स/बि.जी. जे.भी., लुम्बिनी-मिसन जे.भी. र सिनर्जी बिल्डर्स प्रा.लि. रहेकोमा उल्लिखित तीनवटै बोलपत्र प्रस्तावहरु Eligibility Criteria मा सफल भएको देखिन्छ। तर यस ठेक्काको बोलपत्र कागजातको योग्यता र मूल्यांकनका आधार (Evaluation and Qualification Criteria) मा तोकिएको योग्यताहरु मध्येको एक महत्वपूर्ण योग्यता- Contracts of Similar Size and Nature रहेकोमा माथि उल्लिखित बोलपत्र प्रस्तावहरु मध्ये कुनै पनि बोलपत्र प्रस्तावको उक्त योग्यता सम्बन्धमा मूल्यांकन भएको व्यहोरा बोलपत्र मूल्यांकन प्रतिवेदनमा खुल्न सकेको देखिदैन। यस ठेक्काको बोलपत्र कागजातको योग्यता र मूल्यांकनका आधारको Construction Experience in Key activities अन्तर्गत Interlock Block Multi-blended color M35 grade को अनुभव माग गरेको देखिन्छ। यस योग्यताको मूल्यांकनबाट लुम्बिनी-मिसन जे.भी. को बोलपत्र प्रस्ताव मात्र सफल भएकोमा तर अन्य दुई बोलपत्रदाता क्रमशः शिवाको/विकास एण्ड ब्रदर्स/वि.जी. जे.भी. र सिनर्जी विल्डर्स प्रा.लि. को प्रस्ताव असफल भएको देखिन्छ। उक्त योग्यता सम्बन्धमा शिवाको/विकास एण्ड ब्रदर्स/वि.जी. जे.भी. ले काठमाण्डौं उपत्यका सडक विस्तार आयोजनामा इन्टरलक ब्लकको काम गरेको देखाएतापनि 'Grade is not mentioned and also it is not Multi-blended Color block' भन्ने व्यहोरा उल्लेख गरी निजको बोलपत्र प्रस्तावलाई असफल कायम गरेको देखिन्छ। यसमा निज बोलपत्रदातासँग कुनै स्पष्टीकरण (Clarification) माग गरेको देखिँदैन र अर्को बोलपत्रदाता सिनर्जी विल्डर्स प्रा.लि. कोसमेत Multi-blended color M35 grade interlock block को अनुभव नभएको देखाई निजको प्रस्ताव पनि असफल कायम गरेको देखिन्छ। यसरी प्रतिष्पर्धामा रहेका दुईवटा बिडरहरुलाई जानजानी बदनियत राखी असफल गराएको कार्य भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १७ विपरित भएको पुष्टि भएको छ। यसैगरी प्रस्तुत मुद्दामा भेरिएशन आदेश-१ लाई हेर्दा उक्त भवन निर्माणका केही आइटम थप्ने र केही आइटम घटाउने गरी साविकको ठेक्का सम्झौता रकम रु.७,६०,८२,६४८।५९ (सात करोड साठी लाख बयासी हजार छ सय अठचालिस रुपैया उनन्साठी पैसा) (मु.अ.क. बाहेक) भन्दा रु.७४,३१२।५० (चौहत्तर हजार तीनसय बाह्र रुपैया पचास पैसा) घटी (०.१०%) रु.७,६०,०८,३३६।०९ (सात करोड साठी लाख आठ हजार तीसय छत्तिस रुपैया नौ पैसा)(मु.अ.क. बाहेक) सम्झौता रकम कायम हुनेगरी मिति २०७९/०८/२९ गते नारायणी अस्पतालका प्रमुखबाट भेरिएशन आदेश स्वीकृत भएको देखिन्छ। उक्त भेरिएशन आदेश सम्बन्धमा शहरी विकास तथा भवन कार्यालय पर्सा विरगंजले च.नं.३५० मिति २०७८/०८/२९ को पत्रबाट भेरिएशन स्वीकृतिको लागि सिफारिस गरेको देखिन्छ।तर उक्त स्वीकृत भेरिएशन सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १५० (१) र (२) विपरित भएको देखिन्छ। यसैगरी भेरिएशन आदेशको लागि पेश हुँदासम्म निर्माण कार्यको भौतिक प्रगति ७०% र वित्तिय प्रगति ५०% रहेको देखिन्छ। उक्त भेरिएशन आदेशमा इन्टरलक कंक्रिट ब्लकको परिमाण ११०७.८९ व.मी. बाट घटाएर ४२७.० व.मी. कायम गरिएको छ; जुन शुरु परिमाणको ६१.५ प्रतिशत घटी हुन आएको देखिन्छ। यस आइटमलाई बोलपत्र आव्हान गर्दा बोलपत्र मूल्यांकनको एक आधार बनाइएकोमा तर सम्झौता कार्यान्वयनको क्रममा सो निर्माण आइटमको कार्य उल्लेख्य परिमाणमा घटाइनु उचित नदेखिंदा नदेखिंदै अन्तिममा आइटमको परिमाण घटाई गरेको कार्य प्रतिवादीहरुले बदनियत देखिइरहेकोमा निमार्ण कार्य सम्पन्न गराई सरकारी रकम समेत भुक्तानी दिई दिलाई भ्रष्टाचार गरेको पुष्टि भएकोले फैसला बदर भागी छ।<br>• प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा मिति २०८१/११/२८ गते राय पेश गर्ने सार्वजनिक खरिद परामर्श कार्यटोलीका संयोजक लक्ष्मी प्रसाद उपाध्यायले अदालतमा बकपत्र गर्दा Interlock Block Multi-blended color M35 grade आइटम स्वीकृत लागत अनुमानमा समावेश नभएको, निर्माणको क्रममा परिमाण घटाइएको बिषय उल्लेख भएको र उक्त कार्यको अनुभव देखिने बिषय बोलपत्रदाताको योग्यता र मूल्याङ्कनको मुख्य आधार लिइएको कारण उक्त ठेक्कामा मात्र प्रतिस्पर्धा सिमित भएको हुनसक्ने भन्ने समेत बेहोरा उल्लेख गरेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | देखिन्छ। सोही सार्वजनिक खरिद परामर्श कार्यटोलीका सदस्य राजेश कुमार दासले अदालतमा बकपत्र गर्दा लागत अनुमान सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५० बमोजिम कार्यालय प्रमुखबाट संशोधन भएको देखिएन। Interlock Block Multi-blended color M35 grade आइटम मात्रको कारणले ३ जना बिडरमधये २ जना असफल रहेको उल्लेख भएको छ तसर्थ स्वीकृत नै नभएको संशोधित लागत अनुमानको आधारमा उल्लेख भएको Criteria पुरा नभएको हो र यसमा एउटा फर्म मात्र सफल भएको देखिंदा यही Criteria ले प्रतिस्पर्धा सिमित भएको बुझिएको हो भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिन्छ। सोही सार्वजनिक खरिद परामर्श कार्यटोलीका शिला भण्डारीले बकपत्र गर्दा देखिएन। Interlock Block Multi-blended color M35 grade आइटम बिछ्याउने कार्यको लागि विशेष अनुभव आवश्यक नपर्ला भनि अनुसन्धानको क्रममा पेश भएको रायलाई समर्थन हुने गरि बकपत्र गरि दिएको हुँदा उक्त बकपत्रहरुलाई प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण गरी प्रतिवादीलाई आरोप दाबी बमोजिम सजाय गर्नु पर्नेमा सफाई हुने गरि भएको फैसला त्रुटीपुर्ण देखिंदा बदर भागी छ।<br>• **अतः** उपरोक्त उल्लेखित आधार कारणहरु, कानूनी ब्यवस्था एवं नजिर सिन्द्धात समेतका आधारबाट प्रतिवादीहरु उपरको आरोप दावी पुष्टि भई रहेको अवस्थामा मिसिल संलग्न प्रमाणहरुलाई नजरअन्दाज गरि (सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २६ (२)(ग) र नियम १५० (१) र (२)) शहरी विकास तथा भवन कार्यालय तथा नारायणी अस्पतालबाट निर्माण खरीद सम्बन्धी कुनै पनि कार्य प्रकृया पूरा नगरी नारायणी अस्पताल बिरगंजले Construction of Emergency Building of Narayani Hospital, Birganj निर्माण कार्यको लागि योग्यता निर्धारण गरी बोलपत्र कागजातमा सीमित बोलपत्रदाताले मात्र उल्लेखित बोलपत्रमा भाग लिन योग्य हुने गरी "Interlock Block Multi-blended color M35 grade " भन्ने योग्यताको आधार थप गर्नु सार्वजनिक खरिद ऐन, नियमावलीको प्रतिस्पर्धा सीमित गर्न नहुने प्रावधान बिपरीतको कार्य यी प्रतिवादीहरु समेतले दुषित मनसाय राखी प्रतिस्पर्धालाई संकुचन गर्ने दुषित मनसाय (Mens Rea) राखी पुर्व योजना बनाई उपरोक्त अनुसारको कार्य (Actus Reus) गरेको देखिन्छ भने आफूले गरेको कार्यको परिणामको पुर्व जानकारी (Foresightness of Consequence) र परिणाम ल्याउने इच्छा (Desire of Consequence) समेत भई सामुहिक संलग्नतामा उक्त कार्य गरि गराई बिगो रू.१,८४,३८,४५८।७१ (अक्षरेपी एक करोड चौरासी लाख अठतीस हजार चारसय अनठाउन्न रूपैया एकहत्तर पैसा) हिनामिना हानिनोक्सानी तथा दुरुपयोग गरे गराएको तथ्य स्थापित भएको देखिंदा देखिंदै सो तथ्यलाई नजरअन्दाज गरि निज प्रतिवादीहरुलाई आरोप दावीवाट सफाई हुने ठहर गरि भएको त्रुटीपुर्ण फैसला बदर गरि निज प्रतिवादीहरु संजयकुमार ठाकुर, वीरेन्द्रबहादुर प्रधान, माधवी चौधरी, शुशिलप्रसाद यादव, सुदिपकुमार माझी, राजेन्द्र साह, म.सकुर अन्सारी, लुम्बिनी-मिसन जे.भी, सञ्चालक बिष्णुप्रसाद शर्मा, प्रतिनिधि जगत बुढालाई आरोप दावीबाट सफाई हुने ठहर गरि भएको शुरु विशेष अदालतको फैसला बदर गरि निज प्रतिवादीहरुलाई आरोपपत्र दावी बमोजिम सजाय गरी बिगो असुल उपर गरि पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध गरिन्छ। |